# नेपाल राष्ट्र बैंक
# प्रेस समाचार

## FATF को प्लेनरी मिटिङ नर्वेमा सम्पन्न

डेपुटी गभर्नर महा प्रसाद अधिकारी यही जुन १६ देखि २१ सम्म नर्वेको ओस्लोमा सम्पन्न **FATF** को प्लेनरी बैठकमा भाग लिई स्वदेश फर्कनु भयो । कानून तथा संसदीय व्यवस्था मन्त्रालयका सचिवको नेतृत्वमा गएको प्रतिनिधिमण्डलमा डेपुटी गभर्नर अधिकारी लगायत पाँच जना पदाधिकारीहरूको सहभागिता रहेको थियो ।



**FATF** को उक्त बैठकमा यस अन्तर्गतका विभिन्न कार्यदलका अलग अलग मिटिङहरू भएका थिए । उक्त कार्यदलहरू मध्ये **International Cooperation Review Group (ICRG)** को क्रियाकलाप र विभिन्न मुलुकको अनुगमन तथा **Compliance** को अवस्था तथा मुलुकहरूको सूचीकरण **(listing)** सबैको चासोको विषय रहेको थियो ।

यस पटकको प्लेनरी नेपालको लागि पनि महत्वपूर्ण रहेको थियो । **FATF Standard** को पालनाको स्थिति, नेपालले जनाएको प्रतिवद्धता, कार्यसम्पादन समयावधि गुज्रिसकेको अवस्थामा तय भएको नयाँ कार्यविधि पनि यही जुन २०१३ अन्तिम रहेको अवस्था र गत प्लेनरी बैठकबाट प्रमुख रुपमा देखिएका कमजोरीहरू २०१३ जुनसम्म सुधार नगरेमा नेपाल कालो सूचीमा पर्ने सूचित गरिएबाट नेपालको लागि यो प्लेनरी बैठक निकै महत्वपूर्ण थियो ।

उक्त प्लेनरी बैठकमा औंल्याइएका अधिकांश कमजोरीहरूलाई नेपालले ६ जुन, २०१३ मा पारित गरेका दुईवटा अध्यादेश मार्फत् सम्बोधन गरिएको व्यहोरा गत फेस टु फेस मार्फत् पेश गरिएकामा उक्त व्यहोराप्रति सन्तुष्ट भई यस प्लेनरी बैठकले नेपाललाई यथास्थिति **(Status quo)** मा राख्ने निर्णय गरेको छ । यसबाट कालोसूचीमा पर्ने खतरा टरेको छ ।

नेपालले विगत अवधिमा पारित गरेका कानूनहरू खास गरी आपसी कानुनी सहयोग सम्बन्धी अध्यादेश, सुपुर्दगी अध्यादेश, सङ्गठित अपराध नियन्त्रण सम्बन्धी अध्यादेश, सम्पत्ति शुद्धीकरण निवारण ऐन दोस्रो संसोधन तथा कसुरजन्य सम्पत्ति रोक्का, नियन्त्रण तथा जफत सम्बन्धी अध्यादेशहरू मार्फत् गरेका कानूनी व्यवस्थाको विषयमा **ICRC** कार्यदलले प्रशंसा गर्दै यो उपलब्धिको लागि नेपाललाई अधिकांश मुलुकले बधाई समेत दिएका छन् ।

उपर्युक्त कानूनहरू तयार भैसकेपछि उक्त कार्यदलले कार्यान्वयन पक्षमा सरोकार राखेको छ । खासगरी म्यूच्युल लिगल असिस्टाण्ड बिलको कार्यान्वयन विधि र अन्य कानूनहरूको कार्यान्वयनको लागि नियमावली आवश्यकता पर्ने हुँदा उक्त नियमावलीको तर्जुमा नेपालको प्राथमिकताको विषय बनेको छ । त्यसैगरी FIU को सन्दर्भमा भैरहेको सुधारलाई निरन्तरता दिंदै सोको यन्त्रीकरण यथाशीघ्र सम्पादन गर्नुपर्ने अवस्था समेत प्रतिवेदनले देखाएको छ ।

यस पटकको प्लेनरी बैठकले धेरै मुलुकको लागि खुसीको खबर दिएको छ। एसिया प्यासिफिक क्षेत्रका मुलुकहरू ब्रुनाई, फिलिपिन्स, श्रीलंका र थाइल्याण्ड एकैपटक ICRG को अनुगमन प्रक्रियाबाट बाहिर आएका छन् । यसबाट उनीहरूलाई ठूलो राहत मिलेको छ।

प्लेनरी बैठकको उद्घाटन नर्वेका अर्थ मन्त्रीले गर्नुभएको थियो भने, उक्त बैठकको एक विशेष सत्रलाई नेदरल्याण्ड कि महारानी Maxima ले सम्बोधन गर्दै Financial Inclusion विषयमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो । उक्त बैठकले FATF को लागि नयाँ कार्यसमितिको चयन गरेको छ । २०१३-१४ को लागि विद्यमान भाइस प्रेसिडेण्ट रसियाका भ्लादिमिर नयाँ प्रेसिडेण्टको रुपमा र अष्ट्रेलियाका भोल्गनविकन नयाँ भाइस प्रेसिडेण्टको रुपमा चयन भएका छन् । कार्यसमितिमा मेक्सिको, नर्वे, रसिया, अमेरिका, बेलायत, इटाली र नेदरल्याण्ड रहेका छन्।

**२०७० असार ९ गते, आइतवार**

**गभर्नरको कार्यालय**